स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल
Independent Power Producers' Association, Nepal

# News Clips

www.ippan.org.np

पुष्करलालद्वारा प्रतिष्ठापित

नेपाल समाचारपत्र

राष्ट्रिय दैनिक

newsofnepal.com

मंगलबार, चैत १३, २०८० | Tuesday, March 26, 2024 | नेसं ११४४, चिलागा १ | वर्ष २९, अंक ६४ | पृष्ठ ८ | मूल्य रु १०/–

# अस्थिर नीतिका कारण ८० प्रतिशत लगानीकर्ता कालो सूचीमा पर्ने सम्भावना छ

केही वर्षको अन्तरालमा सरकारले लगानी सम्मेलन गरे पनि लगानी भित्रिन सकेको छैन। लगानी भित्रिन नसक्नुमा अस्थिर नीति र लगानी गर्ने अनुकुल वातावरण नहुनु हो। यस विषयमा सरकार जानकार हुँदाहुँदै लागानी सम्मेलन गरी विदेशी लगानी भित्र्याउने भनिरहेको छ। जलविद्युत् क्षेत्रमा देखिएका समस्या, सरकारले निजी क्षेत्रलाई दिएको दुःखलगायत विषयमा केन्द्रित रही **नेपाल समाचारपत्र**का **भवनाथ प्याकुरेल**ले पिपुल्स् हाइड्रोपावर कम्पनी लिमिटेडका प्रबन्ध निर्देशक **केशवबहादुर रायमाझी**सँग गरेको कुराकानी।



**केशवबहादुर रायमाझी**
प्रबन्ध निर्देशक, पिपुल्स् हाइड्रोपावर कम्पनी लिमिटेड

- शुरुमा अरुले बनाइरहेको देख्दा सकिन्छ जस्तो लागे पनि पूर्वाधार बनाउन चुनौती छ
- बैंक तथा वित्तीय संस्थाले लगानी गर्दा पारिवारिक पृष्ठभूमि के हो भनेर हेर्ने गरेको छ
- विदेशीसँग जलविद्युत् खरिद बिक्री सम्झौता गर्दा ९७ प्रतिशतसम्म पेनाल्टी दिनेगरी सम्झौता गरिएको छ भने नेपालीको हकमा ५ प्रतिशतमात्र राखिएको छ
- दोर्दी करिडोरमा बनेका आयोजनामा सरकारले आवश्यक परे विद्युत् लिने नत्र नलिने भनिरहेको छ
- प्रकाशसरण महत अर्थमन्त्री हुँदा ल्याइएको बजेटमा भन्सारको नीति परिवर्तन गरिएको थियो
- आयोजना बनाउने ठाउँमा अनेक किसिमका माग राखेर बाटो, विद्यालयजस्ता भौतिक पूर्वाधार बनाउनुपर्ने बाध्यता भएको छ
- हरेक मन्त्री आएपिच्छे नीति परिवर्तन गर्ने परिपाटीले समस्या निम्त्याएको छ
- सरकार र निजी क्षेत्रले बनाएका आयोजनामा समय,लागतलगायत विषयमा आकाश-जमिनको फरक छ

**बैंकिङ क्षेत्रबाट जलविद्युत् क्षेत्रमा प्रवेश गर्नुका कारण कस्ता छन् ?**

म केही वर्ष चाइना व्यापारमा थिएँ। त्यसपछि सानो पुँजीबाट पनि बैंक खोल्नुपर्छ भन्ने उद्देश्यका साथ साना साना पुँजीलाई एकत्रित गरेर जनता बैंक खोल्ने मुख्य भूमिका मेरै थियो। बैंकमा ८ सय ३२ जना संस्थापक सेयर होल्डर हुनुहुन्थ्यो। त्यतिबेला धेरैजना भएर बैंक खोल्ने हामी नै थियौं। बैंकमा रहँदा धेरै साथीसँग चिनजान भयो। निजी क्षेत्रबाट जलविद्युत् उत्पादन गर्ने चरण चलिरहेको थियो। निजी क्षेत्रले बनाएका केही जलविद्युत् अयोजना थिए। त्यतिबेला मुलुकमा १५/१६ घण्टा लोडसेडिङ थियो। जलविद्युत् आयोजना बनाउँदा मुलुकका लागि पनि योगदान हुने भन्ने लागेको थियो। मोबाइल चार्ज गर्ने बिजुली थिएन। अन्य व्यवसायभन्दा बजार राम्रो थियो। यस क्षेत्रले राष्ट्रका लागि पनि योगदान गर्ने भएको हुनाले आकर्षित भएँ।

**यस क्षेत्रमा चूनौती कस्तो देख्नु भएकोछ ?**

जुनसुकै ठाउँ तथा क्षेत्रमा बाहिरबाट हेर्दा सजिलो र सुन्दर लागे पनि त्यसभित्र छिरेपछि समस्या आउने हुँदोरहेछ। जलविद्युत् आयोजना दुर्गम र पूर्वाधार नपुगेको ठाउँमा बनाउनुपर्ने बाध्यता छ। शुरूमा अरूले बनाइरहेको देख्दा सकिन्छ जस्तो लागे पनि पूर्वाधार बनाउन चूनौतीपूर्ण रहेको छ। बाटो, सामाजिक वातावरण निर्माण र प्राकृतिक रूपमा उपयुक्तताको आँकलन गर्न सकिएन भने जलविद्युत् आयोजना बनाउने क्रममा समस्या आउने गर्दछन्। त्यसैगरी सरकारले कानुनी रूपमा सहज गरेजस्तो लागे पनि काम गर्दै जाँदा मुख्य चुनौतीको रूपमा समस्या देखिने गरेको छ। जलविद्युत्तमा पुँजी निर्माणको विषय पनि मुख्य समस्याको रूपमा देखा परेको छ। सानो सानो पुँजीले बनाउने र बैंक तथा वित्तीय संस्थाले लगानी गर्दा पारिवारिक पृष्ठभूमि हेरी लगानी गर्ने परम्पराले आयोजना निर्माणमा चुनौती थपेको छ। यसभित्र अर्कोतर्फ कहालीलाग्दो अवस्था रहेको छ।

**स्वदेशी र विदेशी लागानीकर्तालाई सरकारले गर्ने व्यवहार कस्तो रहेको छ ?**

विदेशीलाई रेड कार्पेट ओछ्याएर जलविद्युत् क्षेत्रमा स्वागत गरिएको छ। पीपीए गर्दा पनि डलरमा गर्ने गरिएको छ। विदेशीसँग जलविद्युत् खरिद बिक्री सम्झौता गर्दा ९७ प्रतिशतसम्म पेनाल्टी दिनेगरी सम्झौता गरेको छ भने नेपालीको हकमा ५ प्रतिशतमात्र राखिएको छ। जलविद्युत् आयोजनाले उत्पादन गरेको विद्युत् नेपाल विद्युत् प्राधिकरणले लिन नसके विदेशी कम्पनीलाई ९७ प्रतिशत र नेपाली कम्पनीलाई ५ प्रतिशतमात्र दिइन्छ। यो नेपाली विद्युत् कम्पनीप्रति सरकारले देखाएको हेपाहा प्रवृत्ति हो। यस्तै, विदेशी कम्पनीसँग डलरमा सम्झौता गरिएको छ भने नेपाली कम्पनीसँग नेपली रुपियाँमा सम्झौता गरिन्छ। डलरको भाउ बढ्दै जान्छ भने नेपाली रुपियाँ जहाँको तहीं हुन्छ।

**विदेशीलाई जलविद्युत् आयोजना निर्माण गर्न सहज हुँदा पनि लगानी किन आउन सकेको छैन ?**

विदेशी लगानी भित्रिन नसक्नुमा प्रशासनिक झन्झट मुख्य बाधक बनेको छ। प्रणालीगत रूपमा चलेका विदेशीले कम्पनी दर्ता, आयोजना डेभलपमेन्ट गर्ने चरणमै आएको समस्याले समस्या पारिसकेको हुन्छ। वन, वातावरण, लाइसेन्स, पीपीए, जग्गा प्राप्तिजस्ता ठाउँमा सहज छैन। जग्गा प्राप्ति ७५ रोपनीभन्दा कम हुनुपर्ने व्यवस्था व्यावहारिक छैन। आयोजना बनाउँदै जाँदा जग्गा कति चाहिन्छ भन्ने थाहा नै हुँदैन। नीतिमा स्थिरता छैन। लाइसेन्स दिँदा मर्मत संहारका लागि विदेशबाट सामान ल्याउँदा भन्सारमा छुट दिने भनिएको छ। आयोजना बनाउँदा ३० वर्षका लागि सम्झौता गरिएको हुन्छ। तर, सरकारले बजेट भाषण गरेर जलविद्युत् आयोजना मर्मत संहारमा लाग्ने सामानमा पनि भन्सार लाग्ने व्यवस्था गरेको छ। यो न्यायसंगत छैन। त्यसै गरी कच्चापदार्थमा भन्सार लाग्ने र तयारीमा नलाग्ने भनिएको छ। बत्ति बाली सकेपछि वनले रुख काट्ने अनुमति दिँदैन। जलविद्युत् अयोजनाले काम सकिसक्दा प्राधिकरणले बनाउने जिम्मेवारी लिएको प्रसारण लाइन बनाएको हुँदैन। त्यसको कारण मर्कामा निजी क्षेत्र पर्ने गरेका छन्। दोर्दी करिडोरमा बनेका आयोजनामा सरकारले आवश्यक परमा मात्र बिजुली लिने नत्र नलिने भनिरहेको छ। केही आम्दानी हुन्छ भनेर लगानी गर्नेलाई कसरी प्रतिफल दिने ? बैंकको किस्ता कहिले तिर्ने भन्ने समस्या छन्। यस करिडोरमा मात्र ३० भन्दा बढी आयोजना समस्यामा छन्। यस घटनाक्रमले पनि विदेशी पनि हच्किएका छन्। लेखेको कुरा पनि लागू नहुने ठाउँमा लगानी गर्नुहुँदैन भन्ने मानसिकतामा विदेशी पुगेका छन्। पहिले जलविद्युत् क्षेत्रमा लगानी गर्ने मनसाय बनाएका अहिले निराश भएका छन्। चाइनिजले धेरै आयोजना छोडेर जाने क्रम बढेको छ। नीतिगत समस्याका कारण यस्तो भएको हो। जलविद्युत बनाउन जाँदा आयोजनाले राज्यले भन्दा धेरै विकास गर्नुपर्छ भन्ने अवधारण स्थानीयको छ। बाटो, स्कुल, शिक्षक, खानेपानी, खेलमैदान, क्लबलाई दिइने चन्दालगायत विषय कहालीलाग्दा छन्। त्यसमा राज्यको भूमिका न्यून देखिएको छ। भोटको आशाले राजनीतिक नेतृत्वले पनि अर्बौं रकम लिएर आउनेले गर्नुपर्दछ भनी मौन समर्थन गरेको देखिन्छ। त्यसले गर्दा स्थानीयले माग तेर्स्याउँदा लागत र समय लम्बिने गरेको छ।

**समस्याका बाबजुत पनि निजी क्षेत्रले आयोजना बनाइरहेका छन्, किन ?**

लाइसेन्स लिने बेलासम्म करोडौं खर्च भइसकेको हुन्छ। पछाडि फर्कने हो भने करोडौं माया मार्छु भन्नेसम्मको अवस्थामा पुग्नुपर्दछ। कतिपय आयोजना अध्ययन गर्दागर्दै जलवायु परिवर्तनको असरका कारण पानीको मात्र घटिरहेको अवस्था छ। यो समस्यालाई समाधान नगर्ने हो भने ८० प्रतिशत जलविद्युत् लगानीकर्ता कालोसूचीमा पर्न सक्छन्।

**समस्याको मुख्य जड को-को हुन सक्छन् ?**

यसमा मुख्य समस्याको जड सरकार हो। जलविद्युत् क्षेत्रसँग ऊर्जा, वन, भूमिधार मन्त्रालय सम्बन्धित छन्। हरेक मन्त्री आएपिच्छे नीति परिवर्तन गर्ने परिपाटीले समस्या निम्तिएको हो।

**भन्सार छुट हटाउनमा को-को जिम्मेवार छन् ?**




यसमा अर्थ मन्त्रालय जिम्मेवार छ। यस अगाडिका प्रकाशसरण महत अर्थमन्त्री हुँदा ल्याइएको बजेटमा भन्सारको नीति परिवर्तन गरिएको हो। मुख्य विषय जलविद्युत् क्षेत्रमा राज्यको नीति के हुने भन्ने स्पष्ट हुनुपर्दछ। लामो समयपछि प्रतिफल प्राप्त हुने क्षेत्रमा सरकराले नीति परिवर्तन गरिरहनुहुँदैन। अहिले पाइप बनाउने स्टिल पातामा बढी र बनेर आएको पाता सस्तो कम भन्सार लागिरहेको छ।

रोजगारी गुम्ने, उद्योग बन्दा हुनेजस्ता समस्या भइरहेका छन्। नीति बनाउने व्यक्तिले यस्ता सामान्य विषयमा पनि ध्यान केन्द्रित गर्न सकेका छैनन्। यस्ता नीति बेलाबेलामा परिवर्तन हुने हट्ने भइरहन्छन्।

**नीति किन परिवर्तन हुन्छन् ?**

व्यक्तिपिच्छेका अलग-अलग सोच भएका कारण बेलाबेला नीति परिवर्तन हुन्छन्। मानिसको सोच, तथ्यभन्दा पनि मानसिकता हाबी भएको छ। सरकारी क्षेत्रले बनाएका आयोजना र निजी क्षेत्रले बनाएका आयोजनाको समय, लागत आकाश-जमिनको फरक छ। तर, निजी क्षेत्रलाई हेर्ने नजर फरक भएका कारण समस्या आएको हो। निजी क्षेत्रले कमाए भन्ने ईर्ष्या कारण डाहा भएका मानिसका कारण समस्या आएजस्तो छ। रोजगारी कसले रोजगारी सिर्जना गरेको छ ? कुन क्षेत्रको विकास गर्नुपर्नेछ ? कुन क्षेत्रलाई प्रमुखतामा राख्नुपर्नेछ ? यस्ता विषयमा राजनीतिज्ञले ध्यान दिनुपर्नेछ। जलविद्युत् आयोजनामा बैंक र सर्वसाधारणको लगानी हुन्छ। आयोजना बनाउने ठाउँमा अनेक किसिमका माग राखेर बाटो, विद्यालय जस्ता विषय बनाउनु पर्ने बाध्यता छ। जलविद्युत् बनाउनेलाई जस्तो माग राखे पनि पूरा गर्दछन् भन्ने सोचमा परिवर्तन हुन जरुरी छ। विश्वमा यस्तो पूर्वाधार बनाउनुपर्ने कहीँ हुँदैन। भारतमा पनि पूर्वाधार बनेपछि मात्र जलविद्युत् आयोजना बनाउने गरिएको छ। बरु आयोजना बनाउनेले केही रकम थप गरेर दिने वातावरण भयो भने झन्झट हुँदैन। राज्यले पूर्वाधार बनाउँदा स्थानीयको माग कम हुन्छ। मुख्यरूपमा राजनीति गर्नेले जनतालाई उचाल्ने प्रवृत्तिले समस्या आउने गरेको छ। डन प्रवृत्ति पनि चूनौतीपूर्ण छ। अनावश्यक चन्दा र आपूर्तिलगायत समस्या खडा गर्ने प्रवृत्ति आइरहने गरेको छ।

**कर्मचारीले राजनीतिज्ञलाई भ्रममा पारेका हुन् वा राजनीतिज्ञले बुझेर बुझ पचाएका हुन् ?**

मलाई कसैलाई दोष लगाउने अधिकार छैन। यसमा कर्मचारीले धेरै कुरा बुझेका हुन्छन्। गाइड गर्नुपर्ने त कर्मचारीले हो। राजनीतिज्ञ पनि ईष्यालु रहेको देखिन्छ। राजनीतिमा स्थिरता छैन। राजनतीतिज्ञलाई गलत दिशा निर्देश गरेको पाइन्छ। तर, कर्मचारीलाई नेतृत्व गर्ने जिम्मेवारी राजनीतिक नेतृत्वको हो। त्यसैले यसको सम्पूर्ण जिम्मेवारी नेतृत्वले लिनुपर्दछ। राजनीतिज्ञले मैले जानेको छैन भन्न पाउँदैनन्। यसको मुख्य जड भनेको राजनीतिज्ञ नै हुन्।

**विदेशी लगानी भित्र्याउन नीति निर्माणमै समस्या रहेका बेला लगानी सम्मेलन गर्नुको औचित्य के हो ?**

हरेक एक वा दुई वर्षमा लगनी सम्मेलन भइरहेको छ। अगाडिका वर्षहरूमा घोषणा गरेका कति आयोजनाले काम गरेका छन् ? प्रधानमन्त्रीको चाइना भ्रमणमा पनि धेरै आयोजनामा सही भएको थियो। कुनै आयोजना आएका छन् ? लगानी ल्याउन सरकारले नै विश्वासको वातावरण बनाउनुपर्दछ। नेपाली युवा सबै लस्कर लागेर हिँडेका छन्। उद्योगहरू क्रमशः सकिँदै गएका छन्। पहिले स्टिल, उन्डीमा लगानी भएको थियो। अहिले यस्ता उद्योग सबै धरासायी भएका छन्। राज्यमा हुने विकास निर्माण र आर्थिक चलायमानमा निर्भर छ। अहिले बिजुली भारत बेच्नका लागि बनाउने भन्ने भ्रम छरिएको छ। यस्तो बेलामा कसले बनाउन हिम्मत गर्दछ। भारतले अहिले पनि वर्षायामको बिजुली लिएको छैन। देशलाई कति चाहिने भन्ने छैन। भारतले बिजुली लिन्छु भन्नु त राजनीति हो। १० हजार बिजुली नलिने भनेको भए प्रधानमन्त्री प्रचण्ड चीन गएर केही गर्छन् कि भन्ने चिन्ताका कारण सम्झौता गरेको हो। पञ्चेश्वर बन्ने भनेको कति भयो ? भारतजस्तो मुलुकलाई चार ठाउँमा प्रसारण लाइन बनाउन समय लाग्छ ? हामीजस्ता नेपालीले थोरैथोरै पुँजी निर्माण गरेर बनाएको आयोजनाको बिजुली खेर फाल्नुपर्ने दिन नआउला भन्न सकिँदैन। बैंक लगानी गर्न तर्सिएका छन्। बैंकमा रकम बढ्यो भनेका बेला कति अयोजनामा बैंकले लगानी गरे भन्ने विषय आएको छैन। यसका कारण लगानीकर्ता र बैंक पनि समस्यामा पर्ने देखिएको छ। स्वदेशमै बिजुली खपत गर्ने नीति अवलम्बन गरे उचित हुने थियो। एउटा मल उद्योगले ५०/६० मेगावाट बिजुली खपत गर्नसक्छ। गाडी नेपालमा एसम्ली भए हुने थियो। त्यसैले सबैतिरबाट नीतिमै गएर ठोक्किने गरेको छ। मन्त्री ६ महिनामा फेरिने गरेका छन्। मन्त्रीसँगै आफ्नो प्यानलको सचिव पनि फेरिने गर्छन्। यस्तो हुँदा नीति पनि फेरिने गरेको छ।

**समाधान के ?**

लाामो योजना बन्नुपर्दछ। बिजुली खपत कहाँ गर्ने भन्ने हुनुपर्दछ। निजी क्षेत्रले नै नीति राम्रो भयो भने पाँच सयभन्दा कम मेगावाटको जलविद्युत् आयोजना बनाइरहेका छन्। अर्काको आसमा आयोजना बनाउनु उपयुक्त हुँदैन। पछिल्लो दिनमा निजी क्षेत्रलाई तर्साउने नीति अवलम्बन गरिएको छ। लगानीकर्तालाई आत्मविश्वसा जगाउने हुनुपर्दछ। सरकारले निजी क्षेत्रलाई तर्साउने नभई सहयोगी भूमिका खेल्नुपर्छ यो राजनीतिज्ञबाटै हुन सक्छ। अहिले पनि ३० ओटा आयोजना समस्यामा छन्।

**पिपल्स् हाइड्रोपावर कम्पनी लिमिटेडबारे बताइदिनुहोस् ?**

पिपल्स् हाइड्रोपावर कम्पनी लिमिटेड लमजुङ जिल्लाको दोर्दीखोलामा पर्दछ। सुपरदोर्दी ५४ मेगावाट सबै भूमिगत आयोजना हो। बाँधबाट पानी भित्र छिरे पनि तल निस्केको मात्र देखिन्छ। यो एउटा नेपालको नमुना आयोजना पनि हो। यो पाँच वर्षभित्र बनेको आयोजना हो। यही खोलको आयोजना नेपालमा छैन। यो विद्यार्थीका लागि अनुसन्धान र अन्य आयोजना निर्माणका लागि अध्ययन गर्ने ठाउँ हुनसक्छ।

आयरल्यान्ड 'ए' माथि जित । ११

आकाशमा बादल हेरी... । २



नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

# कान्तिपुर

ekantipur.com



वर्ष ३२ अंक ३७ काठमाडौं | १३ चैत २०८० मंगलबार चैत्र कृष्ण प्रतिपदा | नेपाल संवत् ११४४ | राष्ट्रिय संस्करण | KANTIPUR, Nepali National Daily, Tuesday, March 26, 2024 | पृष्ठ १२ | १० रुपैयाँ

## विद्युत् बेच्ने अनुमति नवीकरणमा भारतको आनाकानी

# अर्को साताबाटै उद्योग र पछि सर्वसाधारण लोडसेडिङमा पर्ने जोखिम

### विद्युत् ल्याउने अनुमति हरेक वर्ष नवीकरण गर्नुपर्ने व्यवस्थाअनुरूप तीन महिनादेखि ताकेता गर्दा पनि आलटाल

**कृष्ण आचार्य र सीमा तामाङ** (काठमाडौं)

सुक्खायाममा नेपाललाई अपुग विद्युत् आयातका लागि भारतले अनुमति नवीकरण नगरिदिँदा लोडसेडिङको जोखिम बढेको छ। भारतको प्रतिस्पर्धी बजारबाट विद्युत् आयात गर्ने अनुमति नेपालले हरेक वर्ष नवीकरण गर्दै आएको छ तर यसपालि तीन महिनादेखि ताकेता गर्दा पनि भारतले नवीकरण गरेको छैन ।

इन्डियन इनर्जी एक्सचेन्ज लिमिटेड (आईएक्स) को डे-अहेड बजारमा प्रतिस्पर्धा गर्दै नेपालले बिजुली खरिद गर्दै आएको छ। जसअनुसार खरिद गर्ने अघिल्लो दिन नै मूल्य र परिमाणसहित 'बिडिङ' हुन्छ। यो बजारमा भाग लिन २०७८ वैशाखमा नेपालले अनुमति पाएको थियो। पाँच वर्षको यो अनुमति हरेक वर्ष नवीकरण गर्नुपर्ने सर्त छ। गत वर्ष नवीकरण गरिएको म्याद १८ चैत (३१ मार्च) मा सकिँदै छ। तर अब ६ दिन मात्र बाँकी रहँदा पनि नवीकरण नभएकाले नेपाल विद्युत् प्राधिकरणसमेत दबाबमा परेको छ ।

तीन महिनाअघि नै नवीकरणका लागि पत्र पठाए पनि हालसम्म भारतले जवाफ नपठाएको प्राधिकरणका प्रवक्ता चन्दकुमार घोसले बताए। 'अहिलेसम्म नवीकरण भएको सूचना प्राप्त भएको छैन, हामी पर्खाइमा नै छौं,' उनले कान्तिपुरसँग भने, 'भारतले नवीकरण गरिदिएन भने स्वदेशमा उत्पादित बिजुलीमै निर्भर हुनुपर्नेछ जसले आन्तरिक माग धान्न सक्ने छैन ।'

नेपालले ढल्केबर-मुजफ्फरपुर अन्तरदेशीय प्रसारण लाइनमार्फत ६५० मेगावाटसम्म विद्युत् आयात वा निर्यात गर्न सक्छ। सुक्खायाममा भारतबाट अधिकतम ४५० मेगावाट विद्युत् आयात गर्छ भने वर्षामा नेपालले भारततर्फ विद्युत् निर्यात गर्दै आएको छ। प्राधिकरणका अधिकारीका अनुसार अबको करिब दुई महिना कुल माग करिब



अबको करिब दुई महिना विद्युत् माग २ हजार मेगावाट हुन्छ, नेपालको आफ्नै उत्पादन करिब १४ सय मेगावाट हाराहारी मात्रै छ। अपुग हुने बाँकी ६ सयमध्ये करिब ४५० मेगावाट भारतबाट आयात गरी माग र आपूर्तिको सन्तुलन मिलाउने गरिएको छ

२ हजार मेगावाट पुग्नेछ जबकि आन्तरिक उत्पादन क्षमता भने करिब १४ सय मेगावाट मात्रै हुनेछ। ६ सय मेगावाट अपुग हुने अवस्थामा प्राधिकरणले करिब ४५० मेगावाट भारतबाट आयात गरी माग सन्तुलन गर्दै आएको थियो। तर भारतले विद्युत् आयात अनुमतिमा नवीकरण नगरेमा विद्युत् वितरण प्रणाली प्रभावित हुनेछ ।

भारतले सम्झौता नवीकरण नगरेमा सुरुमा औद्योगिक क्षेत्रमा बिजुली कटौती हुने प्राधिकरणले जनाएको छ। 'हाम्रो सेवाको प्राथमिकतामा सर्वसाधारण जनता हुन्छन्, त्यसैले भारतबाट विद्युत् आयात रोकिएर अभाव भएमा सुरुमा औद्योगिक क्षेत्र मारमा पर्न सक्छ,' प्राधिकरणका प्रवक्ता घोसले भने। आन्तरिक उत्पादन नबढेमा सर्वसाधारण ग्राहक पनि लोडसेडिङको जोखिममा पर्न सक्ने प्राधिकरणको भनाइ छ ।

यसैपालि सम्झौता नवीकरण किन भएन भन्ने विषयमा आफूहरू अनभिज्ञ रहेको प्राधिकरणका अधिकारीहरूको भनाइ छ। तर, विद्युत् आयात-निर्यात सहज बनाउने भनेर विश्वासको वातावरण बनिसकेको अवस्थामा अहिले सम्झौता नवीकरण नहुनु आश्चर्यजनक भएको ऊर्जा मन्त्रालयका अधिकारीको भनाइ छ। 'भारतले नेपालमा जुनसुकै सरकार आए पनि सहकार्यमा कुनै असर नपर्ने बताएको छ तर यही बेला विद्युत् आयात सम्झौता नवीकरण गर्न मानेको छैन, यसको कारण यही हो भनेर हामीले स्पष्ट भन्न सक्ने अवस्था छैन,' मन्त्रालयका एक अधिकारीले भने ।

राजनीतिक तवरबाटै समाधान गर्ने गरी प्रधानमन्त्री पुष्पकमल दाहाललाई जानकारी गराइएको उर्जाका अधिकारीको भनाइ छ। 'समस्या समाधानका लागि राजनीतिक पहल गर्न ऊर्जामन्त्री शक्ति बस्नेतले प्रधानमन्त्री दाहाललाई अनुरोध गर्नुभएको छ तर ठोस जवाफ आइसकेको छैन,' उनले भने। **बाँकी पृष्ठ ८**

माओवादी कोटाबाट सभामुख भएकाले बराबर हुने अवस्थामा मताधिकारको अधिकार रहन्छ ।

लुम्बिनीमा पनि कांग्रेसका डिल्ली चौधरीको नेतृत्वको सरकार छ। गठबन्धनका शीर्ष नेताहरूबीच माओवादीले नेतृत्व लिने गरी छलफल भइरहेको छ। प्रदेशसभामा एमाले २९, माओवादी ११, जसपा ३, एकीकृत समाजवादीका एक सिट मिलेर कुल ४४ सिटसहित बहुमत पुग्छ। सुदूरपश्चिममा उन्मुक्तिलाई मुख्यमन्त्री दिए लुम्बिनीमा थप ४ सिट थपिने छ। लुम्बिनी प्रदेशसभामा जनमोर्चा र एसको एक/एक सिट छ। उन्मुक्ति पार्टीका ४, लोसपाका ३ सांसद छन् भने एक स्वतन्त्र सांसद छन् ।

कर्णालीमा माओवादीका राजकुमार शर्माको नेतृत्वमा सरकार छ। कर्णाली प्रदेशसभामा ४० सांसद छन्। यो सरकार जोगाउन माओवादीका १३, एमालेका १० सांसद भए बहुमत पुग्छ। तर एमालेले सरकारको नेतृत्व लिने तयारी गरेको छ। प्रदेशसभामा कांग्रेसका १४, राप्रपाका १, एसका १ र स्वतन्त्रका १ सांसद छन् ।

सुदूरपश्चिम प्रदशेमा गठबन्धनले नागरिक उन्मुक्तिलाई मुख्यमन्त्री दिएर कांग्रेस नेतृत्व सरकार विस्थापित गर्ने तयारी गरेका छन्। प्रधानमन्त्री दाहाल, एमाले अध्यक्ष ओली र एकीकृत समाजवादी अध्यक्ष माधवकुमार नेपालबीच यसबारे प्रारम्भिक सझदारी छ। उन्मुक्तिले सुदूरमा मुख्यमन्त्रीसहित केन्द्रमा एक मन्त्री हुनुपर्ने माग गरेको छ ।

सुदूरमा कांग्रेसबाट मुख्यमन्त्री कमलबहादुर शाह छन्। उनले बहुमत पुऱ्याउने कसरत जारी राखेका छन्। उनले बहुमत पुऱ्याउन फागुन २५ मा मन्त्रिपरिषद् विस्तार गरेका थिए। नागरिक उन्मुक्ति पार्टीका घनश्याम चौधरी, खुसीराम डगौरा थारू र इन्दिरा गिरीलाई मन्त्री र राज्यमन्त्री नियुक्त गरेका थिए। नागरिक उन्मुक्ति पार्टी संसदीय दलका नेता चौधरीलाई आर्थिक मामिला, डगौरा थारूलाई बिनाविभागीय मन्त्री र गिरीलाई भूमि व्यवस्था, कृषि तथा सहकारी राज्यमन्त्री नियुक्त गरेका थिए। नागरिक उन्मुक्तिले भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री रामेश्वर चौधरी र राज्यमन्त्री कैलाश चौधरी रहेकामा कैलाशलाई भने फिर्ता बोलाएको थियो। शाहले राप्रपा र स्वतन्त्र सांसदलाई साथमा लिएर बहुमत पुऱ्याउने प्रयास गरिरहेका छन्। उन्मुक्तिले मुख्यमन्त्री पाउने अवस्थामा मात्र यो सरकार ढल्ने देखिन्छ ।

सुदूरपश्चिको ५३ सदस्यीय प्रदेशसभामा बहुमत सरकार बनाउनका लागि २७ सिट आवश्यक पर्छ। माओवादीको ११ एमालेको १०, नागरिक उन्मुक्तिको ७, एकीकृत समाजवादीको ४ सिट जोड्दा बहुमत पुग्छ। गठबन्धनले उन्मुक्तिलाई मुख्यमन्त्री दिए सहजै बहुमत पुग्ने छ। यहाँको कांग्रेसको १८, राप्रपा १ र स्वतन्त्र १ सांसद छन् ।

## अर्को साताबाटै...

अहिले विद्युत् आयात गर्ने सम्झौता नवीकरण किन नभएको भन्ने विषयमा भारतले औपचारिक जानकारी नदिए पनि अनौपचारिक संवादमा भने चुनावलाई कारण मानेको ऊर्जाका अधिकारीहरूले बताए। 'उता लोकसभाको निर्वाचन हुँदै छ, चुनावमा विद्युत् माग बढ्ने र त्यस अवधिमा उपभोक्तालाई अविच्छिन्न विद्युत् आपूर्ति दिनुपर्ने सरकारको निर्देशन रहेकाले नेपाल निर्यात गर्न गाह्रो छ भन्ने उनीहरूको भनाइ छ,' ऊर्जाका अधिकारीले भने ।

भारतले प्रतिस्पर्धी बजारबाट विद्यूत् ल्याउने अनुमति नवीकरण गर्नुको सट्टा ग्यास प्लान्टको बिजुली किन्न सुझाएको समेत अधिकारीहरूको भनाइ छ। 'ग्यास प्लान्टबाट उत्पादित विद्युत्को मूल्य प्रतियुनिट झन्डै १० भारु (१६ रुपैयाँ) पर्छ। जबकि २०७८ बाट नेपालले भारतको प्रतिस्पर्धी बजारबाट औसतमा प्रतियुनिट ३ भारुमा विद्युत् खरिद गरिरहेको छ ।' मन्त्रालयका अधिकारीले भने ।

प्राधिकरणका अनुसार भारतको प्रतिस्पर्धी बजारबाहेक महाकाली सन्धिअन्तर्गत टनकपुर प्रसारण लाइन र नेपाल-भारत विद्युत् आदानप्रदान सम्झौताबमोजिम पनि बिजुली आयात गर्न सकिने सम्झौता छ। महाकाली सन्धिअन्तर्गत टनकपुर प्रसारण लाइनबाट थोरै मात्रामा बिजुली आयात हुने प्राधिकरणका प्रवक्ता घोसको भनाइ छ। उनका अनुसार टनकपुर प्रसारण लाइनबाट वार्षिक ७ करोड युनिट मात्रै बिजुली आयात हुन्छ ।

नेपाल-भारतबीच विद्युत् आदानप्रदानबारे छुट्टै सम्झौता पनि छ। तर, यो सम्झौताअनुसार पनि तत्काल बिजुली खरिद गर्न नसकिने देखिएको छ। ०७९ चैतमा नयाँदिल्लीमा भएको नेपाल-भारत विद्युत् आदानप्रदान समिति (पावर एक्सचेन्ज कमिटी- पीईसी) को १४ औं बैठकले सन् २०२३ का लागि आयात-निर्यात हुने बिजुलीको दर प्रतियुनिट ७.२१ भारु (११ रुपैयाँ ५४ पैसा) तोकेको थियो। त्यसपछि समितिको बैठक पनि हालसम्म नबसेको र सन् २०२४ का लागि मूल्य पनि नतोकिएको हुँदा तत्काल यो उपायबाट बिजुली आयात गर्न नसकिने अधिकारीहरूको भनाइ छ ।

विद्युत् आदानप्रदान सम्झौताबमोजिम प्राधिकरणले आवश्यक परेका बेला १३२ केभी प्रसारण लाइनमार्फत बिहार, उत्तर प्रदेश र उत्तराखण्डबाट बिजुली आयात गर्दै आएको छ। 'एकातिर आगामी अप्रिलमा बिहार र उत्तर प्रदेशमा नै बिजुलीको अभाव हुन्छ,' प्रवक्ता घोसले भने, 'अर्कोतिर त्यहाँबाट बिजुली ल्याउन पावर एक्सचेन्ज कमिटीले मूल्य तोकेको छैन। त्यसैले यो सम्झौताअनुसार बिजुली ल्याउन कठिन छ।' भारतले नेपाल विद्युत् निर्यात गर्ने सम्झौता नवीकरण गरिदिए मात्र नेपाललाई सहज हुने उनको भनाइ छ ।